# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) हेटौंडा, मकवानपुर, माघ २४ गते, २०७५ साल (अतिरिक्ताङ्क २६(क)

## भाग ३

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. ३, हेटौंडाको

## सूचना

प्रदेश नं. ३ को प्रदेश सरकारले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले यो सूचना प्रकाशन गरिएको छ।

### प्रदेश विपद कोष सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना**ः विपद प्रयोजनका लागि राहत वितरण गर्दा कोषमा रहेको रकम खर्च गर्ने मापदण्ड एवं कोष सञ्चालन प्रकृयालाई प्रभावकारी एवं व्यवस्थित गर्न आवश्यक भएकोले प्रदेश विपद व्यवस्थापन ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश विपद् कोष सञ्चालन कार्यविधि,२०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले ऐनको दफा १० बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(ग) "कोष सञ्चालन समिति" भन्नाले ऐनको दफा १३ बमोजिमको कोष सञ्चालन समिति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ।

३. **कोष सञ्चालन समितिको बैठकः** (१) कोष सञ्चालन समितिको बैठक जुनसुकै वखत समितिको संयोजकले तोकेको ठाउँ, मिति र समयमा बस्नेछ।

(२) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(३) समितिले आवश्यकता अनुसार अन्य सरकारी वा गैर सरकारी क्षेत्रमा कार्यरत जुनसुकै कर्मचारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. **कोषको रकम वितरण गर्ने कार्यविधिः** कोषको रकम ऐनको दफा ११ बमोजिमको प्रयोजनका लागि देहायका मापदण्डका आधारमा वितरण हुनेछः-

(क) विपदको घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक एक लाख रुपैयाँ सम्म मृतकका परिवारलाई सहयोग उपलब्ध गराउन सक्नेछ,

(ख) विपदबाट घर, बहालको आवास नष्ट भएका, जंगली जनावरबाट हुने आक्रमण वा खाद्यान्न बाली तथा जग्गा जमिन वा पसल-व्यवसाय समेत नोक्सान भई तत्काल गुजाराको लागि खाद्यान्न वा लत्ताकपडा समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई स्थानीय तहको सिफारिसमा आवश्यक व्यवस्थाको लागि तीस हजार रुपैयाँ सम्म वा सो बराबरको मौसम अनुसारको लत्ताकपडा प्रति परिवार राहत सहयोग उपलब्ध गराउन सकिनेछ,

(ग) घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्ण रुपमा नष्ट भएका वा पूर्ण नष्ट नभए तापनि संभावित खतराबाट जोगिन अन्यत्र सर्नु पर्ने वा विस्थापित भई सुरक्षित स्थानमा नयाँ आश्रय स्थल निर्माण गरी व्यवस्था गर्नु पर्ने अवस्थाका परिवारलाई प्रति परिवार एक लाख रुपैयाँ सम्म आर्थिक सहयोग उपलब्ध गराउने। साथै क्षतिको

अवस्था हेरी थप सहायता उपलब्ध गराउन पर्ने देखिएमा प्रदेश विपद् व्यवस्थापन निर्देशक समितिले थप पचास हजार रुपैयाँ सम्म प्रति परिवार उपलब्ध गराउन सक्नेछ,

(घ) विपद्मा परी घाइते हुनेलाई सरकारी अस्पतालमा उपचार गराउँदा लागेको बील बमोजिमको खर्च भुक्तानी दिने र अस्पतालबाट घर जाँदा यातयात खर्च बापत आर्थिक सहयोग स्वरुप अधिकतम प्रति व्यक्ति तीस हजार रुपैयाँ एक पटकका लागि दिन सक्नेछ,

तर लामो समय उपचार गराउनु पर्ने भएमा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

(ङ) विपद पीडितलाई पुनःस्थापना तथा पुनः निर्माणका लागि प्रचलित कानून बमोजिम वन हेर्ने प्रदेश मन्त्रालयको समन्वयमा सहुलियत दरमा काठ उपलब्ध गराउने,

(च) भुकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरी बतास, चटयाङ्ग, शीतलहर, हिमपात जस्ता विपदका कारणबाट प्रभावित पीडितलाई मात्र राहत सहयोग उपलब्ध गराउने।

(छ) निर्धारित मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा घटना भएको पैंतिस दिनभित्र सूचना प्राप्त भएको घटनाका लगि मात्र राहत सहयोग उपलब्ध गराउने,

(ज) विपद् पीडितलाई राहत वितरण गर्दा स्थानीय विपद् व्यवस्थापन समिति मार्फत स्थानीय जनप्रतिनिधिको अनिवार्य उपस्थितिमा राहत सहयोग उपलब्ध गराउने। यस प्रयोजनका लागि प्रदेश एवं संघीय जनप्रतिनिधिलाई समेत आमन्त्रण गर्न सकिनेछ,

(झ) यस दफा बमोजिम राहत उपलब्ध गराउँदा संघ र स्थानीय तहबाट राहत उपलब्ध भएका लाभग्राहीलाई दोहोरो नहुने गरी वितरण गर्नु पर्नेछ।

५. **<u>अस्थायी बसोबासको व्यवस्था</u>**: (१) विपदमा परी घरबार बिहीन भएका पीडितको लागि स्थानीय तहको समन्वयमा स्वास्थ्य संस्था तथा विद्यालय भन्दा अन्य क्षेत्र पहिचान गरी तत्कालको लागि टेण्टको व्यवस्था गरिनेछ।

(२) विपद्को समयमा पीडित परिवारलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्नु पर्ने भएमा स्थानीय विपद् व्यवस्थापन समितिले मन्त्रालय सँगको समन्वयमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(३) विपद्को कारण बसोबास गरिरहेको घर पूर्णरुपमा नष्ट भएका पीडितको लागि स्थानीय तहको समन्वयमा अस्थायी बसोबासको लागि टहरा (सेल्टर) को व्यवस्था गर्ने।

६. **<u>पेश गर्नुपर्ने कागजात</u>**: राहत सहयोगको लागि पीडितले निवेदन साथ देहाय बमोजिमको विवरण संलग्न गर्नु पर्नेछः-

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थानीय विपद व्यवस्थापन समितिको सिफारिसपत्र/ सम्बन्धित वडा समितिको सिफारिस,

(ग) क्षतिको विवरण यकिन भएको प्रहरी मुचुल्का,

(घ) संघीय वा स्थानीय सरकारका निकायबाट राहत लिए वा नलिएको सिफारिस,

(ङ) घटनासँग सम्बन्धित तस्विर/फोटो।

७. **कार्यविधि लागू नहुने**: महाभुकम्प, महामारी, महाविपत्ति जस्ता घटनामा यो कार्यविधि लागू हुने छैन।

८. **कारबाही गरिने**: यस कार्यविधि बमोजिम कुनै व्यक्तिले झुटा विवरण पेश गरी राहत लिएमा वा दोहोरो राहत लिएमा त्यस्तो राहत लिने व्यक्तिलाई ऐन बमोजिम कारबाही गरिनेछ।

**प्रदेश सरकारबाट स्वीकृत मितिः २०७५।१०।२४**

**आज्ञाले,**
**राज कुमार श्रेष्ठ**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-